अनुसूची-१

वागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

हेटौडा, मकवानपुरको

प्रदेश दुग्ध विकास बोर्डको उपाध्यक्ष पदमा नियुक्तिका लागि दरखास्त पेश गर्ने सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८१/०६/०२

यस मन्त्रालय सम्बद्ध प्रदेश दुग्ध विकास बोर्डमा रिक्त रहेको उपाध्यक्षको पद खुला प्रतियोगिताद्वारा पदपुर्ति गरिने भएकोले देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र र आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय समयभित्र यस मन्त्रालयको कर्मचारी प्रशासन शाखा हेटौडामा गोप्य शिलवन्दी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। निर्धारित मिति र समय भित्र प्राप्त हुन नआएको तथा रित नपुगेको दरखास्त स्वीकृत हुने छैन ।

| सूचना नं. | सार्वजनिक निकायको नाम | पद | माग संख्या |
|---|---|---|---|
| ०१-०८१/०८२/PDDB | प्रदेश दुग्ध विकास बोर्ड, वागमती प्रदेश, हेटौडा । | उपाध्यक्ष | १ |

**१. योग्यता तथा अनुभव**

क) प्रदेश दुग्ध विकास बोर्डको उपाध्यक्ष नियुक्तिको लागि सिफारिस समितिको कार्यविधि, २०८१ को दफा (५) को उपदफा (४) (ख) बमोजिमको शैक्षिक योग्यता हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा दश वर्षको कार्य अनुभव हासिल भएको ।

ख) दरखास्त दिने अन्तिम मितिसम्म ३५ वर्ष उमेर पूरा भएको र ६५ वर्ष ननाघेको ।

**२. नियुक्तिको लागि अयोग्य मानिने:**

क) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागु औषधको कारोबार, पुरातात्विक बस्तु मा संरक्षित वन्यजन्तु सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको,

ख) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्ष अवधि पूरा नभएको,

ग) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

घ) मानसिक सन्तुलन ठिक नभएको,

ङ) नियुक्त हुने सार्वजनिक निकायसँग कुनै ठेक्कापट्टा सम्झौता गरी कार्य गरिरहेको वा निजी स्वार्थ रहेको ।

च) दरखास्त दिने उम्मेदवारले माथि उल्लिखित बिषयहरुमा अयोग्य नरहेको व्यहोरा खुलाई गरेको स्वःघोषणा दरखास्त साथ पेश गर्नु पर्नेछ

**३. दरखास्त पेश गर्ने प्रकृया:**

प्रदेश दुग्ध विकास बोर्डको उपाध्यक्ष नियुक्तिको लागि सिफारिस समितिको कार्यविधि, २०८१ को अनुसूची-२ बमोजिमको दरखास्त/प्रतिबद्धता पत्रका साथ देहायका कागजातहरु उम्मेदवार स्वयंले प्रमाणित गरि पेश गर्नु पर्नेछ ।

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ख) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि (विदेशी विश्वविद्यालयबाट हासिल गरेको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रहरुको प्रतिलिपि समेत),

ग) अनुभव खुल्ने कागजातहरुको प्रतिलिपि,

वागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौडा, नेपाल

घ) वैयक्तिक विवरण (CV) बढीमा तीन पृष्ठसम्म,

क) दरखास्त साथ प्रदेश दुग्ध विकास बोर्डको बर्तमान अवस्था, समस्या तथा चुनौती र सुधार योजना सहितको ५००० (पाँच हजार) शब्दमा नबढाई तयार पारिएको व्यावसायिक कार्ययोजना २ (दुई) प्रति छुट्टा छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नुपर्नेछ। कार्ययोजनाको कभरपृष्ठमा बाहेक अन्य पृष्ठमा आफ्नो नाम वा कुनै संकेत राख्न पाइने छैन् । त्यस्तो राखेको पाइएमा रीतपूर्वक आवेदन नगरेको उम्मेदवार सरह मानिनेछ । व्यावसायिक कार्ययोजनाको (Soft copy/Pen drive समेत) छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नु पर्नेछ । व्यावसायिक कार्ययोजनाको भाषा नेपालीमा भए नेपाली युनिकोड कालीमाटी फण्टको ११ साइजमा र अंग्रेजीमा भए Times New Roman फण्टको १२ साइजमा हुनु पर्नेछ ।

च) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण (Power Point Presentation) को विद्युतीय प्रति प्रस्तुतीकरण तोकिएको समयमा पेश गर्नु पर्नेछ ।

छ) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा आशिक स्वामित्वमा संचालित सार्वजनिक निकाय वा संगठित संस्थामा कार्यरत कर्मचारीले आवेदन पेश गर्दा सम्बन्धित निकायको अधिकार प्राप्त अधिकारीको स्वीकृति/अनुमति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**४. व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणः**

क) उम्मेदवारले आफुले पेश गरेको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण Power Point Presentation मा गर्नुपर्नेछ । प्रस्तुतिकरणको समय ३० मिनेटको हुनेछ ।

**५. दरखास्त दस्तुरः** दरखास्त दस्तुर बापतको रकम कृषि तथा पशुपन्छी विकास मन्त्रालय वागमती प्रदेश हेटौडाको पान नं २०१३२९४१६, कोड नं. ३१२००३२६४३, राजस्व खाता १०००२०००१००००, राजस्य शीर्षक १४२२९ मा जम्मा हुने गरी राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, हेटौडा शाखामा रु. ३०००।०० (अक्षरेपी तीन हजार मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

**६. अन्य विवरणः**

क) छनौट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी माथि उल्लिखित पदपूर्ति सम्बन्धी प्रक्रिया स्थगित वा रद्द गर्न सक्नेछ ।

ख) झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

ग) आवेदन फाराम, व्यावसायिक कार्ययोजनको कभरपृष्ठ, प्रदेश दुग्ध विकास बोर्डको उपाध्यक्ष नियुक्तिको लागि सिफारिस समितिको कार्यविधि, २०८१ कृषि तथा पशुपन्छी विकास मन्त्रालय वागमती प्रदेश हेटौडाको वेवसाईट http://molmac.bagamati.gov.np बाट Download गर्न सकिनेछ । अन्य थप जानकारीको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय वागमती प्रदेश हेटौडा/प्रदेश दुग्ध विकास बोर्ड हेटौडमा सम्पर्क गर्न सकिनेछ ।

वागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौडा, नेपाल

सिफारिस समिति
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
वागमती प्रदेश हेटौडा,

हालसालै खिचेको
पासपोर्ट
साइजको फोटो

अनुसूची-२

(दफा ५ (४) सँग सम्बन्धित)

**आवेदकले पेश गर्नुपर्ने दरखास्तको फाराम**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय वागमती प्रदेश हेटौंडा सम्बद्ध प्रदेश दुग्ध विकास बोर्डको उपाध्यक्ष पदमा नियुक्ति भई सेवा गर्ने ईच्छा भएकोले देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। सो पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव रहेको स्वघोषणा समेत गर्दछु र नियुक्ति भएको अवस्थामा प्रचलित कानून बमोजिम ईमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

१. नियुक्त हुन चाहेको सार्वजनिक निकायको नाम:.............................................................

२. नियुक्त हुन चाहेको पदः..................................................

३. प्रतिवद्धता पेश गर्ने व्यक्तिको

(क) व्यक्तिगत विवरण

नाम थरः

नागरिकता नं.: जारी जिल्लाः जारी मितिः

स्थायी ठेगानाः

अस्थायी ठेगानाः

जन्म मितिः सम्पर्क नं.: ईमेलः

**(ख) शैक्षिक योग्यताको विवरणः**

| क्र.स. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उत्तीर्ण गरेको साल | मुख्य विषयहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

**(ग) अनुभवः**

| क.सं. | पद | कार्यरत संस्था र जिम्मेवारी | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि (dd/mm/yy) | सम्म (dd/mm/yy) | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| जम्मा सेवा अवधिः | | | | | |

**(घ) संलग्न कागजात तथा विवरणः**

(१) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(२) व्यक्तिगत विवरण (CV), बढीमा तीन पृष्ठसम्म

(३) शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपी (एस.एल.सी र त्यस भन्दा माथिको)। नेपाल भन्दा बाहिरको विश्वविद्यालयको हकमा समकक्षताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।

(४) अनुभव खुल्ने कागजातको प्रतिलिपि,

(५) व्यावसायिक कार्ययोजना (Strategic vision and action plan) (पाँच हजार शब्दमा नबढाई) २ प्रति र सो को विद्युतीय प्रति (Pen drive) दरखास्त साथ पेश गर्नु पर्नेछ.

(६) सूचनाको खण्ड २ को (च) बमोजिम अयोग्य नरहेको भनि गरेको स्वःघोषणा,

(७) अन्य आवश्यक कागजात ।

माथि उल्लेख गरेका सबै विवरणहरु साँचो हुन, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दस्तखतः............................

मितिः २०...../......./..........

| औंठाको छाप | |
|---|---|
| | |
| दायाँ | बाँया |

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-३

व्यवसायिक कार्ययोजनाको कभरपृष्ठ

कार्यविधिको दफा ५ को उपदफा (४-च सँग सम्बन्धित।

| | |
|---|---|
| (समितिले भर्ने)<br>पहिलो कोड नं.<br>दोस्रो कोड नं.<br>विज्ञापन नं.:<br>पदः | (समितिले भर्ने)<br>पहिलो कोड नं. |
| (समितिले भर्ने)<br>दोश्रो कोड नं.<br>विज्ञापन नं.:<br>पदः | (आवेदकले भर्नुपर्ने)<br>बिज्ञापन नं.<br>पदः<br>दर्ता नं.:<br>नाम थर<br>स्थायी ठेगानाः<br>सम्पर्क नं.<br>विषयः |

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल